# सारङ्गी बोकेको समुद्र कवितामा बिम्बविधान

**चन्द्रप्रसाद ढकाल**
उपप्राध्यापक, विश्वभाषा क्याम्पस, काठमाडौँ
dhakalchandra33@gmail.com

## सार

*मोहन कोइरालाको 'सारङ्गी बोकेको समुद्र' कृतिमा अन्तर्निहित बिम्बात्मक प्रयोगको पहिचान गर्नु नै यस अध्ययनको उद्देश्य हो । यही उद्देश्यलाई पूरा गर्नका लागि प्रस्तुत अध्ययनमा उल्लिखित कृतिभित्र प्रयुक्त बिम्बहरूको प्रकृति खोजी गरिएको छ। यस अध्ययनलाई पूर्णता दिनका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ भने सामग्री विश्लेषणका लागि बिम्ब विश्लेषणका सैद्धान्तिक अवधारणाहरू प्रस्तुत गरी तिनीहरूमध्ये यौनबिम्ब, सांस्कृतिक बिम्ब र प्राकृतिक बिम्ब गरी तीनवटा आधार तयार पारिएको छ। यी तीन आधारमा विश्लेषण गर्दा सोद्देश्यमूलक विभिन्न कविताका विशिष्ट पङ्क्तिहरूलाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । यसरी अध्ययन गर्दा मोहन कोइरालाको 'सारङ्गी बोकेको समुद्र' कृतिमा नवीन बिम्बको अधिक प्रयोग भएको पाइन्छ । यसो हुनुमा प्रयोगधर्मी कविको काव्यगत प्रवृत्ति नै मुख्य रहेको देखिन्छ। यस कृतिमा प्रयोग भएका बिम्ब कथ्य विषयसँग झिनो मात्रामा समानता राख्ने किसिमका छन् । यस्तो झिनो सम्बन्धलाई कतिपय पाठकले पहिचान गर्न नसक्ने र पहिचान गरे पनि साधारणीकरण गर्न समस्या पर्ने देखिन्छ। मोहन कोइरालाको यसै प्रवृत्तिलाई आधार मानी धेरै समालोचकले उनलाई दुरुह कविको संज्ञा पनि दिएका छन् । बिम्बहरूको अधिक प्रयोग र यस्ता बिम्बको कथ्य विषयसँगको झिनो सम्बन्ध भएबाट यस सङ्ग्रहका कविता बुझ्न अलि कठिन भए पनि भाव बुझेपछि भिन्न र विशिष्ट किसिमको अर्थोद्घाटन गर्ने किसिमका छन् । यस अध्ययनबाट 'सारङ्गी बोकेको समुद्र' कृतिभित्रका कवितामा नवीन, अप्रचलित र कथ्य विषयसँग झिनो सम्बन्ध भएका बिम्बको प्रयोग भएको र यस्तो प्रयोगका कारण यो काव्य विशिष्ट र सम्प्रेषणगत दुरुह भएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : दुरुह, नवीन बिम्ब, यौनबिम्ब, सम्प्रेषण, सांस्कृतिक बिम्ब

## १. विषयपरिचय

*सारङ्गी बोकेको समुद्र* मोहन कोइराला (१९८३–२०६३) को कवितासङ्ग्रह हो । कोइराला नेपाली काव्यजगत्मा प्रयोगवादी कविका रूपमा परिचित छन् । आधुनिक नेपाली कविताको प्रमुख मोडका रूपमा परिचित प्रयोगवादी कविता लेखनको नेतृत्व गरेका कोइराला त्यसै क्षेत्रमा आफ्नो लेखन समर्पित गरेका व्यक्ति हुन् । मोहन कोइरालाका *लेक, सूर्यदान, मोहन कोइरालाका कविता, सारङ्गी बोकेको समुद्र, नदी किनाराका माझी, हिमचुली रक्तिम छ, नीलो मह, सिमसारका राजदूत* जस्ता कृतिहरू प्रकाशित छन् । यी कविता कृतिहरू मार्फत मोहन कोइराला आफूलाई अरूभन्दा पृथक् स्रष्टाका रूपमा स्थापित गराउन सफल भएका छन् । २००७ सालदेखि औपचारिक रूपमा कविता लेखन प्रारम्भ गरेका कोइरालाका कवितामा परम्परागत स्वच्छन्दतावादी शैलीकै प्रभाव परेको पाइन्छ । वि.सं. २०१७ मा *रूपरेखा* पत्रिका प्रकाशनपछि भने उनी आफूलाई अन्यभन्दा पृथक् कवि भएको प्रमाणित गर्दै कविताहरू प्रकाशन गर्न थालका हुन् । उनले प्रयोग गरेको लेखन शैलीलाई नेपाली कविता क्षेत्रमा प्रयोगवादी कविता लेखन

शैली भनेर चिनिन्छ । उनको 'घाइते युग' कविताको प्रकाशनपछि नेपाली काव्यजगत्‌मा नौलो बहस र आलोचना तथा समर्थनहरूको थालनी भएको पाइन्छ । उनका कवितालाई पनि ताली र गाली दुबै दिएको पाइए पनि कोइराला नेपाली काव्यजगत्‌मा एउटा शैलीलाई अवलम्बन गर्दै त्यसैलाई बढवा दिई स्थापित समेत गराउने कवि हुन् । उनले स्थापित काव्यगत मान्तयताको विरोध स्वरूप विषयगत, भावगत तथा वस्तुगत रूपमा नवीनता ल्याएका हुन् । मोहन कोइरालाको आविर्भाव भएपछि उनले पूर्वयुगको अलङ्कारले परिपूर्ण वर्णनात्मक भाषालाई तिलाञ्जलि दिएर त्यसका ठाउँमा नयाँ साहित्यिक भाषाको प्रयोग गर्ने परिपाटीको विकास गर्न र त्यसपछि पूर्वज्ञानको होइन, विज्ञानको आश्रय लिन थालेका हुन् (प्रसाई, २०६०, पृ. ३६) । यसै क्रममा उनका कवितामा विषयहरूको नवीनता, भाषाशैलीगत विशिष्टता, साङ्केतिकता जस्ता विशेषता देखा पर्छन् । यिनै नवीन पद्धतिले गर्दा नेपाली काव्यजगत्‌मा मोहन कोइराला छुट्टै तर विशिष्ट स्थान बनाउन सफल भएका छन् । यिनले काव्य क्षेत्रमा गरेका विशिष्ट प्रयोगहरू मध्ये बिम्बप्रतीकको प्रयोग पनि मुख्य मानिन्छ । उनले आफ्नो काव्य कृति *सारङ्गी बोकेको समुद्र*मा प्रयोग गरेको बिम्बात्मक अवस्थालाई प्रस्तुत अध्ययनमा विश्लेषण गरिएको छ । बिम्ब भन्नु कुनै पनि वस्तुको छाया वा चित्रात्मक प्रस्तुति भन्ने बुझिन्छ । यो शाब्दिक सौन्दर्यसँग सम्बन्धित भए पनि यसले भावगत अर्थमा पनि विशेष प्रभाव पार्ने गर्दछ । त्यसो त यसको सौन्दर्य शाब्दिक अर्थमै निर्भर रहन्छ । पूर्वीय काव्यशास्त्रले शब्दसौन्दर्यलाई विशेष महत्त्व दिएको भए पनि बिम्बवाद भनेर पाश्चात्य साहित्यमा स्थापित मान्यता नै बिम्ब विश्लेषणको मूल आधार हो । पूर्वीय काव्यशास्त्रमा यसलाई अलङ्कारको समकक्षी मान्न सकिन्छ । साहित्यिक कृतिभित्र रहेका बिम्बलाई विश्लेषण गर्ने विविध आधार भए पनि प्रस्तुत अध्ययनमा नेपाली काव्यलाई बिम्बात्मक दृष्टिले अध्ययन गरिएका पद्धतिलाई मूल आधार मानी प्रतिनिधिमूलक केही आधारलाई लिएर विवेच्य कृतिभित्र अन्तर्निहित बिम्बात्मक स्थितिको पहिचान गरी निष्कर्ष निकालिएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनमा पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीय स्रोतबाट लिइएको छ । मोहन कोइरालाको *सारङ्गी बोकेको समुद्र* कृतिलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने उनको यस कृतिका बारेमा गरिएका टिप्पणी, विश्लेषण, अध्ययन, अनुसन्धान तथा सैद्धान्तिक अवधारणा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि व्याख्यान, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । व्याख्या विश्लेषणबाट साधारणीकरण गरी निष्कर्ष निकालिएको छ । यसक्रममा बिम्ब विश्लेषणसम्बन्धी अवधारणाको चर्चा गर्दै यौनबिम्ब, सांस्कृतिक बिम्ब र प्राकृतिक शीर्षक दिई बिम्बका सैद्धान्तिक अवधारणाका आधारमा विवेच्य कृतिको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा *सारङ्गी बोकेको समुद्र* कवितासङ्ग्रहका विशिष्ट पङ्क्तिहरूलाई साक्ष्यका रूपमा लिई तिनीहरूमा कस्तो बिम्बको प्रयोग भएको छ र ती बिम्बले कस्तो काव्यात्मक सौन्दर्य स्थापना गरेका छन् भन्ने निष्कर्ष निकालिएको छ । सङ्कलित सामग्रीलाई लिई ती कृति विश्लेषणका लागि पूर्वनिर्धारित सिद्धान्तको प्रयोग गरिएको हुनाले यसको विश्लेषण निगमनात्मक विधि हुन पुगेको छ ।

बिम्ब भन्नाले कुनै पनि वस्तुको छाया वा त्यसको फोटोग्राफी भन्ने अर्थ बुझिन्छ । काव्यका सन्दर्भमा सर्जकहरूको मानसपटलमा आएको कुनै वस्तुको स्वरूपलाई काव्यबिम्ब भन्न सकिन्छ । यसको अर्थ र प्रयोगका सन्दर्भमा विभिन्न विद्वान्‌हरूले अलग-अलग सन्दर्भ र प्रसङ्गमा अलग-अलग अर्थ लगाएका छन् । अरस्तुले बिम्ब-निर्माणको प्रक्रियाको प्रसङ्गमा भनेका छन् कि कुनै वस्तुलाई देखेपछि जे अनुभूति जागृत हुन्छ, त्यसले एउटा प्रभाव उत्पन्न गर्छ, त्यो वस्तु

हाम्रो सामु नरहे पनि त्यो वस्तुको बिम्ब हाम्रो सामु रहिरहन्छ, काव्य बिम्बमा इन्द्रिय प्रत्यक्ष र बौद्धिक ज्ञान एकत्रित रहन्छ (भारद्वाज, सन् १९९३, पृ. ७–८) । काव्यबिम्बमा जुन वस्तुद्वारा भाव प्रवाह गरिन्छ त्यो काव्यभरि छरिएर रहेको हुन्छ । बिम्ब चित्रात्मक भाषाको प्रयोग गरी निर्माण गरिएको एउटा यस्तो इन्द्रिय संवेद्य शब्दचित्र हो जसले कुनै वस्तु, भाव, परिघटना, परिदृश्य, अनुभूति आदिको पुनः सिर्जन गर्दछ (पाण्डेय, २०७३, पृ. २२८) । यस अर्थमा बिम्बलाई चित्रकलाको उपज हो पनि भन्न सकिन्छ ।

छोटो, एउटै बिम्ब वा रूपकद्वारा निर्मित र बाह्य संसारबाट लिइएको दृश्य वा वस्तुको प्रत्यक्ष प्रस्तुतीकरणमा आधारित सुर-लयमै बिम्बवादी कविता जन्मन्छ । विस्तार र अमूर्ततातर्फ कविताका प्रभावमा लैजान बिम्बवादीहरू अस्वीकार गर्छन् (त्रिपाठी, २०४९, पृ. ८४) । बिम्बले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणका सङ्केतक सम्पूर्ण शब्दहरूलाई जनाउँछ (शर्मा र लुइटेल, २०६१, पृ. ३२७) । यस्ता शब्दहरूको प्रयोगले काव्यमा संक्षिप्तता ल्याउने काम गर्छ । बिम्बलाई कतिपय विद्वान्हरूले प्रतीककै रूपमा चित्रण गरेका छन् । केशवप्रसाद उपाध्याय (२०४९) ले कुनै विशिष्ट भावलाई कुनै विशिष्ट नयाँ उपमान र बिम्बहरूको सहायताले अभिव्यक्ति दिएको स्थानमा प्रतीकको प्रभाव सशक्त हुने बताएका छन् र प्रयोगका लोभमा बिम्बहरू सजाउदा साधारणीकरणको अभावमा कविताहरू अस्पष्ट र अग्राह्य हुने बताएका छन् (पृ. २७८) । अङ्ग्रेजी शब्द इमेजको पर्यायको रूपमा बिम्बलाई लिन सकिन्छ । यसको अर्थ वस्तुको छाया, अनुकृति, सादृश्य वा समानता हो । वास्तवमा बिम्बले कुनै वस्तु अथवा व्यक्तिको प्रतिच्छाया, मानसचित्र अथवा काल्पनिक चित्र प्रकट गर्छ (पोखरेल, २०७०, पृ. १०) । आधुनिक कवितामा प्रकृति र समयको उदात्त र रुमानी काव्यगत चित्रणमा सुक्खा, साधारण बिम्बहरूको प्रयोग हुने गर्छ । यस्ता उदात्त बुझिने तर अति तीक्ष्ण र महत्त्वपूर्ण बिम्बहरूको प्रयोग भएको कुरा पाठकले सहजै पाउन सक्छन् (सुवेदी, २०३९, पृ. १३) । बिम्बसम्बन्धी यस्ता अनेकन् भनाइ आएका छन् र नेपाली समालोचनाका क्षेत्रमा तिनै भनाइका आधारमा विभिन्न उपशीर्षक दिई बिम्बको पहिचान गर्ने गरेको पाइन्छ ।

काव्य विश्लेषणका सन्दर्भमा विश्लेषकहरूले विवेच्य विषयानुकूलका विविध शीर्षक तथा उपशीर्षकमा विभाजन गरी बिम्बपरक विश्लेषण गरेको पाइन्छ । टीकाराम उदासी (२०७८)ले 'समकालीन नेपाली गजलमा बिम्ब' शीर्षकको लेखमा दृश्यबिम्ब, स्वादबिम्ब, गन्धबिम्ब, ध्वनिबिम्ब, स्पर्शबिम्ब र गतिबिम्ब गरी ६ प्रकारका बिम्बलाई आधार मानी २०३६ यताका गजलहरूको विश्लेषण गरेका छन् (पृ. २५–३६) । लक्ष्मणप्रसाद गौतम (२०६०) ले *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण* पुस्तकमा ३३ वटा उपशीर्षकमा समकालीन नेपाली कविताको विश्लेषण गरेका छन् । यस पुस्तकमा बिम्बका परिभाषा, परिचय, प्रकार र साहित्यका अन्य वादसँग यसको सम्बन्ध जस्ता पक्षका बारेमा पनि विस्तृत चर्चा गरिएको छ । अनिल अधिकारी (सन् २०२०) ले 'सुम्निमा उपन्यासको बिम्बपरक विश्लेषण' शीर्षकको लेखमा विवेच्य कृतिलाई अठारवटा उपशीर्षक राखी विश्लेषण गरेका छन् (पृ. २६८–२७५) । त्यसै गरी राजेन्द्र विद्रोही (सन् २०२१) ले 'आमाको गीत : २ कवितामा बिम्बविधान' शीर्षकको लेखमा बिम्बको सैद्धान्तिक आधार दिँदै विवेच्य कवितालाई नादबिम्ब, प्राकृतिक बिम्ब, छायात्मक बिम्ब, सरल बिम्ब र निजी बिम्ब गरी पाँच प्रकारका आधारमा विश्लेषण गरेका छन् (पृ. २६५–२६७) । यस प्रकारकको विश्लेषण परम्परालाई हेर्दा कृतिको विशेषताअनुरूप अनेक प्रकारका बिम्बको प्रयोग हुन सक्ने देखिन्छ । यिनीहरूमध्ये लक्ष्मणप्रसाद गौतमको *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण* कृतिमा उल्लिखित विश्लेषण विस्तृत र व्याहारिक किसिमको देखिन्छ ।

साहित्यमा बिम्ब अदृश्य वस्तुलाई दृश्य वस्तुका रूपमा प्रस्तुत गरी त्यसको प्रतिबिम्ब मानसपटलमा स्थापित गर्न प्रयोग गरिने प्रचलन छ । बिम्ब विश्लेषणका अनेक पद्धति भएको कुरा उल्लिखित अवधारणाबाट प्रस्ट हुन्छ । बिम्बका आधारमा कृतिको विश्लेषण गर्दा कृति विशेषका विशेषताअनुरूप विभिन्न उपशीर्षक राखी विश्लेषण गर्न सकिने देखिन्छ। यस अध्ययनमा बिम्ब विश्लेषण र प्रयोगका बारेका उल्लिखित बिम्बमध्ये प्रतिनिधिमूलक तीनवटा उपशीर्षकमा विभाजन गरी सारङ्गी बोकेको समुद्र कविता कृतिमा अन्तर्निहित बिम्ब व्यवस्थापनको पहिचान गरिएको छ । यी तीनवटा उपशीर्षकमा यौनबिम्ब, सांस्कृतिक बिम्ब र प्राकृतिक बिम्ब रहेका छन् । *सारङ्गी बोकेको समुद्र* कवितासङ्ग्रहमा अन्य बिम्बहरूको पनि प्रयोग भएको छ, तर ती बिम्ब तुलनात्मक रूपमा कमजोर भएका कारण यस अध्ययनमा उल्लिखित तीनवटा बिम्बलाई काव्यविश्लेषणको आधार मानी निष्कर्ष निकालिएको छ ।

## ३. सारङ्गी बोकेको समुद्रमा बिम्बको स्वरूप

मोहन कोइरालाको *सारङ्गी बोकेको समुद्र* कृतिमा छब्बिसवटा कविताहरू रहेका छन् । यसमा दुईवटा लामा कविता रहेका छन् भने अन्य फुटकर कविता रहेका छन् । उनका कवितालाई काव्य प्रवृत्तिका दृष्टिले सामान्यतया तीन कालखण्डमा बाँड्ने गरेको पाइन्छ । यस कृतिमा मोहन कोइरालाको प्रयोगवादी लेखनशैलीले उच्चता प्राप्त गरेको समयमा लेखिएका कविता समेटिएका छन् । सम्प्रेषणगत दुरुह बनेका यस कृतिभित्रका कविताहरूमा नवीन बिम्बहरूको अत्यधिक प्रयोग भएको देखिन्छ । यस्ता बिम्ब विभिन्न सन्दर्भ तथा परिवेशमा आई तिनीहरूले काव्यात्मक सौन्दर्य थप्ने कार्य गरेका छन् । ती बिम्बहरूमध्ये केही प्रतिनिधिमूलक बिम्बहरूलाई निम्नानुसारका उपशीर्षकमा राखी विश्लेषण गरिएको छ :

### ३.१ यौनबिम्ब

यौनक्रीडा वा सम्भोग, नग्नता, यौनेन्द्रिय आदिको वर्णन, मांसल चित्रण र यौनअनुभूतिको चित्रण गर्ने बिम्बलाई यौन बिम्ब भनिन्छ (गौतम २०६० पृ. १०१) । यौनजन्य गतिविधिको वर्णनका क्रममा विविध क्षेत्रका वस्तुहरू बिम्बका रूपमा प्रयोग भएका हुन्छन् । यौनका क्षेत्रमा पनि विविध किसिमका बिम्ब प्रचलनमा रहेका छन् । यी प्रचलित बिम्बहरूका सट्टा मोहन कोइराला नवीन बिम्बको प्रयोग गर्छन् । उनको 'हावाको लहर एक मोडेलभित्र' शीर्षकको कवितामा यौन बिम्बको प्रयोग गरिएको छ; जुन यस प्रकार रहेको छ :

> नसुनाईकनै के के भनिएछ
> नभनीकनै के के सुनिएछ
> चिप्लिकिरा समात्तै फाँटमा तर्सिंदा हामीले त्यसैमा प्रेम भनेछौं
> कहिले त्यही आग्रह बनेछ
> चिप्लिँदै चिप्लेटीमा चिप्लिएर । (पृ. ११)

प्रस्तुत काव्यांशमा चिप्लिकिरा यौनबिम्बका रूपमा आएको छ । चिप्लिकिरा ओसिलो ठाउँ मन पराउने घस्रिएर हिँड्ने करिब ५–६ इन्च लम्बाइ र सामान्यतया २-३ इन्च गोलाइ भएको किरा हो । यो जति ओसिलो भयो उति सक्रिय हुने गर्छ । प्रस्तुत काव्यांशमा आएको चिप्लिकिरा त्यस्तै आकारको पुरुष यौन अङ्ग (लिङ्ग) सँग मेल खाने खालको देखिने र स्वभावगत समानधर्मिताको आधारसमेत प्रस्तुत गरी यहाँ पुरुष यौनाङ्गलाई बिम्बका रूपमा प्रयोग गरिएको

छ । चिप्लिकिरा चिप्लिएको कुरालाई यौनक्रियाकलापमा सक्रिय रहेको प्रसङ्गसँग जोडिएको छ । यसबाट प्रस्तुत काव्यांशमा यौनक्रियालाई मात्र प्रेम भनिने गरेको र यस्तो क्रियामा प्रेम नै हुन्छ भन्न नसकिने भाव प्रस्तुत गरिएको छ। प्रेम र यौन अलग विषय भएको कुरा बताइएको यस काव्यांशमा चिप्लिकिरालाई यौनबिम्बका रूपमा प्रयोग गरिएको छ। यस्तो बिम्बले समानधर्मी अर्थ दिएर काव्यात्मक सौन्दर्य स्थापित गरेको छ।

> नग्न पर्तीमाथि नग्न शरीरको कुटोले
> यस धरतीको कुमारी हिलोमध्ये
> शरीरका अतृप्तिहरू पसिने दबाबमा पूर्ण रोपनीको माटोलाई
> तातो शरीर मानेर
> पराजय मैले जहाँ दुबै घुँडा टेकिदिएको छु। (पृ. २३)

'सृष्टिको अचानो' कवितामा उल्लिखित काव्यांश शरीरका अङ्गहरू जो यौन क्रियाकलापमा सक्रिय रहन्छन्, तिनीहरूलाई प्रयोग गरी कृषकले खेतबारी खनेको कुरा बयान गरिएको छ। यसमा नग्न पर्ती, नग्न शरीरको कुटो, कुमारी हिलो, अतृप्ति पसिने दबाव, तातो शरीर, घुँडा टेकिदिएको जस्ता बिम्बहरूको प्रयोग भएको छ। यहाँ खेती किसानीको दैनिक कार्यलाई यौनक्रियाकलापसँग तुलना गरिएको छ। यहाँ नग्न पर्ती योनीरूपी खेत, नग्न शरीरको कुटो पुरुष लिङ्ग, कुमारी हिलो नारी यौनाङ्ग, अतृप्ति पसिने दबाब यौनक्रियाकलाप गर्दाको परिश्रम, तातो शरीर यौन क्रियाकलापको अवस्था र घुँडा टेकिदिएको यौन क्रियाकलापको चरमोवस्था आदिका माध्यमबाट खेती गराइको अवस्थाको बयान गरिएको छ। यसरी कृषिकार्य र यौनकार्यलाई एकअर्कासँग समानता देखाउदै कृषकको कार्यमा यौनबिम्बहरूको प्रयोग गरिएको छ। यसबाट प्रस्तुत काव्यांशमा एउटा कुराको उठानबाट अर्को कुराको बयान गरेको देखिन्छ। यसरी प्रस्तुत काव्यांशमा कृषि क्षेत्रमा प्रतीकात्मक रूपमा यौनबिम्बको प्रयोग भएको पाइन्छ। यस काव्यांशले प्रस्तुत कवितालाई कृषिकार्यका दृष्टिले अध्ययन गरे कृषिकार्य मात्र र यौनका दृष्टिले अध्ययन गरे यौनकार्य मात्र बुझ्न सकिने अवस्था देखिन्छ। सृष्टिको अचानोका रूपमा योनी र धर्ती दुबैलाई बुझ्न सकिने स्थिति सिर्जना भएबाट प्रस्तुत काव्य अत्यन्त आकर्षक र प्रभावकारी भएको छ।

> लालपातीले बलेको माछा उद्देश्यको गीत सुन्ने,
> लोभिलो लेकको किनारमा
> पल्क्याँइहरू फिँजिएका बाफिएका लालपातीहरू उम्रिएका,
> खोलामा थुन्न जाल थाप्ने किरिया बथानका बथान
> हाँस बनेर हाँस्तै पल्काएका, सिल उन्ने साज दिएको काम
> चुच्चा यी डम्फीहरूमा जताजतै आएर आज खुशी खुर्पाले
> तिम्रो अँगालोभरि सजिलै गीत गाउन जिब्रो भेट्न हो साज। (पृ. ५३)

'आफ्नै शून्यमा हिर्काएर' शीर्षकको कविताको उल्लिखित काव्यांशमा प्राकृतिक वस्तुहरू यौनबिम्बका रूपमा प्रस्तुत भएका छन्। यहाँ लालपाती, माछा, लेक, खोला, जाल, हाँस, सिल, साज, डम्फी, जिब्रो आदि वस्तुहरू बिम्बका रूपमा आएका छन्। लालपातीलाई योनी, माछालाई लिङ्ग, लेकलाई योनीवरिपरिको क्षेत्रका रूपमा लिइएको छ। त्यसै गरी खोला, जाल, हाँस, सिल, डम्फी, खुर्पा र जिब्रोलाई यौनक्रियाकलाप गर्दाका बिम्बका रूपमा लिइएको छ। यी धेरै बिम्बबाट यौनजन्य क्रियाकलापहरूको सूक्ष्म चित्रण भएको छ। यस कवितामा आफू एक्लै भएका बेलामा आएका

विचारलाई प्रस्तुत गरिएको छ । यस क्रममा अनेक विचार आएका छन् । तीमध्ये प्रस्तुत काव्यांशमा यौनचाहनाका विचारहरू आएको कुरालाई सुन्दर बिम्बका माध्यमबाट प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत भएका बिम्ब यौनका सन्दर्भमा पहिले प्रस्तुत नभएका हुनाले पनि प्रस्तुत बिम्बले कवितालाई नवीन रूप दिएको पाइन्छ भने यस्ता अप्रचलित बिम्बकै कारण प्रस्तुत कविता सम्प्रेषण दुरुह पनि बनेको छ ।

ओठको हिलो मुनीको पर्ती ओठलाई भिजाएको छु
आधी शरीरले थिचेर अर्को शरीरको छातीमाथि
चुम्न जुन धरत्रीले विश्वासहीन आकाशतिर फर्केर लज्जासहित
युगअघि नै अनुमति दिइसकेको छ
सृष्टिको जाँघमाथि मृत्यु आफ्नू बलियो मांसल जाँघ अचानो राखेर । (पृ. २३)

'सृष्टिको अचानो' कवितामा प्रस्तुत उल्लिखित काव्यांशमा मानवीय यौनाङ्गको बिम्बबाट धर्तीको स्थिति बयान गरिएको छ । सम्भोगका बेलामा गरिएका क्रियाकलापका माध्यमबाट कृषकले खेती गर्दाको अवस्थालाई तुलना गरिएको छ । ओठले बाँझो ओठलाई भिजाएको, आधा शरीरले अर्को शरीरको छाती थिचेको जस्ता अवस्थाहरू यौनजन्य क्रियाकलाप भए पनि कविले कृषकको पसिनाले माटो भिजाएको, धर्तीको छातीमा थिचेको कुरा उल्लेख गरेका छन् । यी पदावलीहरूमा ओठ, छाती जस्ता मानवीय शरीरका अङ्गहरू बिम्ब बनेर आएका छन् । त्यसै गरी उल्लिखित काव्यांशमा चुम्बन, जाँघ, बलियो मांसल, अचानो जस्ता यौनबिम्बहरूको पनि प्रयोग भएको छ । यौनावस्था दर्साउने चुम्बन, जाँघ, बलियो मांसल जस्ता बिम्बहरूको प्रयोग यस काव्यांशमा भएको छ भने अर्कोतर्फ सृष्टिको अचानोका रूपमा स्त्रीयोनीलाई लिएर पृथ्वीको चर्चा गरिएको छ । अचानो जस्तोसुकै प्रहार खप्ने वस्तुलाई लिई योनी र धर्तीको बिम्बका रूपमा प्रस्तुत गर्नुलाई उत्कृष्ट बिम्ब प्रयोगको नमुना मान्न सकिन्छ । यसरी मोहन कोइरालाले यौनबिम्बको प्रयोगमार्फत काव्यको भावार्थलाई विशिष्ट ढङ्गले प्रस्तुत गरेका छन् ।

मोहन कोइरालाका कविता सम्प्रेषणगत दुरुह भएका मानिन्छन् । उनी आफ्ना कवितामा नवीन बिम्बको प्रयोग गर्छन् । यस्तै अनेकन् नवीन बिम्बको प्रयोग भएको कृति *सारङ्गी बोकेको समुद्र* हो । यस कृतिमा अनेक किसिमका बिम्बको प्रयोग गर्ने क्रममा यौनबिम्बको विशिष्ट प्रयोग भएको पाइन्छ । यस कवितामा प्रकृतिमा रहेका जीव, कृषि औजार, प्रकृतिका नदी, लेक आदिलाई यौनबिम्बका रूपमा लिइएको छ । यी बिम्बका प्रकृति र प्रवृत्तिलाई यौन र यौनजन्य गतिविधिसँग तुलना गर्दै एकअर्कासँग प्रवृत्तिगत समानता देखाइएको छ । यस्तो विशेष संयोजनले यौनलाई बुझाएको हो वा अन्य कुरालाई भनी बुझ्न गहिरिनुपर्ने स्थिति सिर्जना गरेको देखिन्छ । यसै कारण पनि मोहन कोइरालाका कवितालाई बुझाइ र नबुझाइको दोसाधँका कविता भन्ने गरिन्छ ।

## ३.२ सांस्कृतिक बिम्ब

सामाजिक र सांस्कृतिक रागहरूलाई अभिव्यञ्जित गर्ने बिम्बहरूलाई सांस्कृतिक बिम्ब भनिन्छ (गौतम, २०६० पृ. १९७) । हाम्रो समाजभित्र रहेका संस्कार, चाडपर्व, रीतिरिवाज, लोकबाजा, गीत आदि संस्कृतिसँग सम्बन्धित तमाम बिम्बहरू सांस्कृतिक बिम्बमा पर्छन् । मोहन कोइराला आफ्ना कवितामा नेपाली संस्कृतिसँग सम्बन्धित विविध बिम्बहरूको प्रयोग गर्छन्; जसका केही दृष्टान्तहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

हाम्रा पहाडहरू गमला हुन् पूर्वीय होली खेलिएको छ,
कुमकुमका फूलले

माटो गम्काएको छ, खेवाबाट शिखरमा बैजनी उठेको छ फागु
गमलाका पूर्वीय फूलहरू छरिएको ताक । (पृ. ८१)

प्रस्तुत काव्यांशमा नेपाली संस्कृति बुझाउने होली तथा होलीका अवसरमा खेलिने फागु बिम्बका रूपमा आएका छन् । फागु पर्वमा होली खेलिन्छ । फागुमा होली खेल्दा अनेक किसिमका रङ्गहरूको प्रयोग हुन्छ । नेपाली समाजमा होली रङ्गको पर्वका रूपमा पनि परिचित छ । यो सांस्कृतिक पर्व होली र यसमा खेलिने फागुलाई बिम्बका रूपमा प्रयोग गरी 'नून-शिखरहरू' शीर्षकको कवितामा हिमालहरूलाई गमलाका रूपमा चित्रण गरिएको छ भने यी गमलारूपी हिमालमा फूलेका रङ्गीचङ्गी फूलहरूलाई होलीमा खेलिने फागुका रूपमा बयान गरिएको छ। हिमाली सौन्दर्यको बयान गर्ने क्रममा नेपाली संस्कृतिमा प्रचलित होली र फागु जस्ता बिम्ब आएका छन् । प्रकृतिको बयान गर्ने क्रममा यस्ता बिम्बको प्रयोग यसपूर्व भएको पाइँदैन । नवीन बिम्बलाई नेपाली संस्कृतिसँग जोडेर यस काव्यमा प्रकृति र संस्कृतिबिच एकत्व स्थापना गर्ने कार्य गरिएको छ जसको कारण प्रस्तुत कवितामा अत्यन्त सुन्दर बन्न गएको छ ।

पाकुम पाकुम पाकुम संगीत मन्द मन्द पैताला
घिन्ताङ् घिन्ताङ् बाजा
पाकुम पाकुम पाकुम संगीत मन्द मन्द पैताला
घिन्ताङ् घिन्ताङ् बाजा
कोही एकलिएको .... कोही भेट भएको
ट्राफिक र शहर काठमाडौं एकलो काठमाडौंसँग
म युगौंदेखि
हिंड्दा हिंड्दा संपर्कविना एकलै हिंडिरहेको । (पृ. ३३)

'आँखाको महल' शीर्षकको कविताको उल्लिखित काव्यांशमा नेपाली लोकसंस्कृतिसँग सम्बद्ध बिम्बहरूको प्रयोग भएको छ । यहाँ पाकुम-पाकुम र घिन्ताङ्-घिन्ताङ् जस्ता लोकसङ्गीतका धुनहरूलाई बिम्बका रूपमा लिइएको छ । यी बाजाहरू नेपाली लोकसंस्कृतिमा परम्परादेखि चलिआएका छन् । यहाँ मादलका विविध धुनहरूमध्ये दुई किसिमका धुनको चर्चा यहाँ गरिएको छ । नेपाली लोकसंस्कृतिमा विद्यमान उल्लिखित बाजाहरू यहाँ मानिसको हिँडाइको बिम्बका रूपमा आएका छन् । यस कवितामा काठमाडौंलाई आँखाको महलका रूपमा लिई यो हेर्नका लागि मात्र भएको कुरा व्यक्त गरिएको छ । अस्तव्यस्त र विकृत यस सहरमा मानिसहरू मादलको ताल जस्तो बन्ने कुरा व्यक्त गरिएको छ । काठमाडौंका सडकमा मानिसहरू घरी छिटो र ट्राफिक जामको कारणले घरी ढिलो हिड्ने गरेको अवस्थालाई बुझाउन मादलकोताललाई बिम्बका रूपमा प्रयोग गरिएको छ । यस प्रकार प्रस्तुत काव्यांशमा नेपाली लोकसङ्गीतको मादल बाजाका अलग-अलग ताललाई बिम्बका रूपमा प्रस्तुत गरी मानवीय क्रियाकलापलाई संस्कृतिसँग जोड्ने काम गरिएको छ । यसबाट प्रस्तुत काव्यमा विशिष्ट किसिमको काव्यात्मक सौन्दर्य स्थापना भएको छ ।

फर्क यतीहरू गुराँस फुलेको लेकमा
रमाइलो मार्च गर्न फर्क
लोसरमा गाउनुपर्छ, लोसरमा नाच्नुपर्छ,
तिमी चिन्नुपर्छ भन्लाऊ
लोसरमा पुगेर म त सोच्दछु

तिमी बस्न भन्लाऊ, तिमी हाँस्न भन्लाऊ
यतीले टेकेका पाइलाहरू । (पृ. १८)

'फर्क यतीहरू' शीर्षकको कविताको उल्लिखित काव्यांशमा नेपालको हिमाली संस्कृतिसँग सम्बन्धित ल्होसार पर्वलाई बिम्बका रूपमा लिइएको छ । ल्होसार विशेष गरी नेपालको हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने सेर्पा, तामाङ, मगर आदि जातिले मनाउने पर्व हो । प्रस्तुत काव्यांश हिमाली क्षेत्रको वर्णनमा केन्द्रित भएकाले यहाँ सेर्पा जातिले मनाउने ल्होसारका बारेमा चर्चा गरिएको छ । सेर्पा जातिले नयाँ वर्षको रूपमा ल्होसार मनाउँछन् । यस पर्वमा टाढा टाढा गएका परिवारका सदस्यहरू पनि घर फर्किन्छन् । यही प्रसङ्गलाई बिम्बका रूपमा प्रस्तुत गर्दै कविले लोप भएको यतीलाई ल्होसारमा घर फर्कन आग्रह गरेका छन् । यसरी सांस्कृतिक बिम्बका रूपमा हिमाली क्षेत्रमा मनाइने ल्होसार पर्वको प्रयोग गरी कविले कविताको शीर्षकानुकूलको उत्कृष्ट सांस्कृतिक बिम्बको प्रयोग गरेका छन् ।

ऊ युग-प्रवाह हो खोलाको गति नदीको अजस्र स्रोत,
तिमी किन उसलाई रोक्छौ
बग्न ऊ खोला हो नदी हो गण्डकी बग्न देऊ
दिलहरूमा ऊ रामायण हो, ऊ नेपालीहरूमा गाई हो
मानिसहरूको घर । (पृ. ९–१०)

'भानुभक्त' शीर्षकको कवितामा प्रयुक्त उल्लिखित काव्यांशमा रामायण, गाई जस्ता सांस्कृतिक बिम्बहरूको प्रयोग भएको छ । यस काव्यांशमा उल्लिखित रामायण हिन्दू धर्मावलम्बीहरूको आस्थाको स्रोत हो । यो ग्रन्थ राम रावणको युद्धसँग सम्बन्धित मात्र नभई धार्मिक ग्रन्थका रूपमा बढी महत्त्वपूर्ण रहेको छ । त्यसै गरी गाई हिन्दू धर्मका अनुसार शुद्ध, पूजनीय, सर्वगुणयुक्त प्राणीका रूपमा रहेको छ । अझ नेपाली समाजमा गाई पूजनीय त छँदै छ, राष्ट्रिय जनावरका रूपमा पनि रहेको छ । यस्तो पूजनीय तथा श्रद्धाको प्रतीक गाईसँग कविले भानुभक्तलाई तुलना गरी उच्च सम्मान प्रकट गरेका छन् । अर्को बिम्ब *रामायण* पनि आदिकवि भानुभक्तको बिम्बका रूपमा ल्याइएको छ । कविले आदिकवि भानुभक्त जसले वाल्मिकीकृत *रामायण*लाई नेपाली भाषामा अनुवाद गरे तिनलाई उच्च सम्मान प्रकट गर्न नेपाली धार्मिक संस्कृतिसँग जोडिएका *रामायण* र गाईलाई बिम्बका रूपमा प्रयोग गरेका छन् । यस प्रयोगबाट प्रस्तुत काव्यांशका सांस्कृतिक बिम्बले नेपाली भूगोल, धर्म र राष्ट्रियतालाई भानुभक्तसँग जोडेर उनीप्रति उच्च सम्मान प्रकट गरेको देखिन्छ ।

*सारङ्गी बोकेको समुद्र* कृतिमा विभिन्न विषय रहेका छन् । यसमा नेपालको राजनीति, समाज, भूगोल, जनताको मनोभाव तथा अवस्था जस्ता विषय आएका छन् । यी विषयको प्रस्तुतिमा अनेक नवीन पद्धतिको अवलम्बन गरिएको पाइन्छ । यस्तै नवीन प्रयोगमध्ये सांस्कृतिक बिम्ब पनि पर्न आउँछ । प्रस्तुत कृतिमा सांस्कृतिक बिम्बको प्रयोग गर्ने क्रममा नेपालमा मनाइने चाडपर्व, नेपाली लोकबाजा, धार्मिक ग्रन्थ, सांस्कृतिक महत्त्वको नदी आदिलाई लिइएको छ । यी बिम्बको प्रयोग गरी यस कवितामा नेपालको भूगोल, नेपाली जनजीवन, राष्ट्रिय महत्त्व बोकेका व्यक्ति आदिका बारेमा प्रकाश पारिएको छ । यी बिम्ब सन्दर्भमा अप्रचलित भए पनि गुणगत समानता भएकाले महत्त्वपूर्ण र काव्यको प्रस्तुतिमा नौलो प्रयोगका रूपमा आएका छन्, जसका कारण *सारङ्गी बोकेको समुद्र* कृतिमा विशेष किसिमको सौन्दर्य पाइन्छ ।

## ३.३ प्राकृतिक बिम्ब

प्रकृतिमा रहेका सम्पूर्ण पदार्थ, जीव, प्राणीलगायतका वस्तुहरू जुन मानव निर्मित होइनन्, तिनीहरू प्राकृतिक वस्तु हुन् । प्रकृतिजगत् वा मानव निरपेक्ष सौन्दर्यसत्ताको बिम्बमय चित्रणबाट काव्यमा प्राकृतिक बिम्बको सिर्जना हुन्छ (गौतम, २०६०, पृ. १३७) । यस्ता प्राकृतिक वस्तुहरूलाई बिम्बका रूपमा लिई काव्यमा प्रस्तुत गरी काव्यको भावप्रवाह गर्नु प्राकृतिक बिम्बको प्रयोग गर्नु हो । मोहन कोइरालाले आफ्ना कवितामा प्रकृतिका विविध वस्तुलाई बिम्बका रूपमा प्रस्तुत गरी काव्यात्मक सौन्दर्यको अभिवृद्धि गरेका छन्; जसलाई निम्नानुसारका दृष्टान्तद्वारा पुष्टि गरिएको छ :

कल्पनामा भुमरिने दोभान हो ऊ,
चोपिने भावनामा छायाँ हो, उसको मसी,
कविता र लिली अस्तित्व हो उसको,
बाटोको रेलिङ् दुबैतिर । (पृ. ७)

'जन्डिस्को कुहिरोमा' शीर्षकको कवितामा प्रयुक्त उल्लिखित काव्यांशमा कविले नेपाली कविहरूको अवस्थालाई प्राकृतिक बिम्बका माध्यमबाट चित्रण गरेका छन् । प्रस्तुत काव्यांशमा दोभान, छायाँ र लिली जस्ता बिम्बहरूको प्रयोग गरिएको छ । दोभानले दुई नदीको सङ्गमस्थल भन्ने अर्थ दिन्छ । प्रस्तुत काव्यांशमा आएको दोभान शब्दले नेपाली कविहरूको अवस्था पनि यही दोभान जस्तै रहेको भन्ने अर्थ प्रवाह गरेको छ । छायाँ शब्दले कुनै वस्तुको प्रतिबिम्ब भन्ने अर्थ दिन्छ । कविहरूको अवस्था पनि प्रत्यक्ष रूपमा प्रस्तुत हुन नसकी छायाँको स्वरूपमा रहनु परेको अवस्थालाई बुझाउन छायाँ बिम्बको प्रयोग भएको छ । यस काव्यांशमा आएको अर्को शब्द लिली प्रकृतिमा रहेको सुन्दर फूल हो । यो फूल वसन्त ऋतुमा आख्लापिच्छे फुल्ने गर्दछ । यही प्रकृतिको सुन्दर फूल लिलीलाई बिम्बका रूपमा लिएर कविता पनि यही लिलीजस्तै सुन्दर रहने गरेको र यसको अस्तित्व पनि लिली फूलको जस्तै झाँगिदै बढ्ने विचार प्रस्तुत गरिएको छ । प्रस्तुत काव्यको भाव प्रवाह गर्न प्रकृतिमा रहेका सामान्य वस्तु बिम्ब बनेर आएका छन् र यी बिम्बले कविको सिर्जना शक्तिमाथि प्रकाश पारेका हुनाले गहिरो र अति सुन्दर भाव प्रस्तुत गरेका छन् ।

थाहा छैन कहिले किन लालुपाते आँखामा रंगीन खोज्छ,
थाहा छैन किन सयपत्री मुटुमा थुप्रिएर झाँगिन खोज्छ,
थाहा छैन मखमली किन समष्टिले रगतमा झाँगिन खोज्छ,
मिति छैन, थाहा छैन, टिपे पनि कुनै डायरीमा पर्छ, । (पृ. २२)

'एक टुक्रा फूलको' शीर्षकको कवितामा प्रयुक्त उल्लिखित काव्यांशमा प्रकृतिमा रहेका फूलहरूलाई बिम्बका रूपमा लिइएको छ । प्रस्तुत काव्यांशमा उल्लिखित लालुपाते, सयपत्री र मखमली फूलहरू प्रकृतिका सुन्दर वस्तुहरू हुन् । यी सुन्दर फूलहरूलाई मानिसले अत्यन्त श्रद्धा र आदर गर्छन् । फूलले खुसी, सुख र आनन्द दिन्छ । त्यसैले त मानिसहरू आफूले श्रद्धा गर्ने भगवानलाई फूल चढाउँछन् । फूल शिरमा सिउँरिने, गलामा माला लगाउने गर्छन् । यस्ता खुसी, सुख र आनन्दका क्षणहरू आउन नसकेको गुनासो गर्दै कवि प्रस्तुत काव्यांशमा खुसी, सुख र आनन्दका बिम्बका रूपमा लालुपाते, सयपत्री र मखमलीलाई प्रयोग गर्छन् । जीवनको सहजताको पर्खाइमा रहेको नवयुवकका मानसिकतालाई प्रस्तुत गर्ने क्रममा यी फूल बिम्ब बनेर आएका छन् । यी फूल अथवा जीवनमा खुसी नआएको विषय उठान गरी यस काव्यांशमा निराशताबाट आशाको चाहना राखिएको कुरा उल्लेख गरिएको छ ।

उत्थान गर्छ शैलहरूले पुनरुत्थान गर्छ सेर्पाली द्वीपहरूले,
नुन बिहान नुन हिमाली तनयाहरू नुन द्वीपहरू
नुन तरुनी सेर्पिनीहरू
ओठमा मीठो तुङ्गना बजिरहेको । (पृ. ७८)

‘नून-शिखरहरू’ लामो कवितामा रहेको उल्लिखित काव्यांशमा प्राकृतिक वस्तु नुनलाई बिम्बका रूपमा लिइएको छ । नुन स्वादिलो वस्तु हो । नुनबाट प्राप्त गर्ने लावण्यले मानिसलाई आकर्षित गर्दछ । नुनको अभावमा खाद्यवस्तु स्वादहीन बन्दछन् । यो स्वादिलो खाद्यवस्तु भए पनि कविले प्रस्तुत काव्यमा नुनलाई हिमालका रूपमा चित्रण गरेका छन् । हिमाल नुन जस्तै सेतो रङ्गको भएका कारणले हिमाललाई नुनका रूपमा लिइएको हो । यसमा नुन लावण्य वस्तु भएझैँ हिमाली क्षेत्रमा रहेका हिउँ पनि अत्यन्त आकर्षक र स्वादिलो छ भन्ने आशय व्यक्त भएको छ । यसरी प्रस्तुत काव्यांशमा प्रकृतिको वर्णनका क्रममा नुनलाई प्राकृतिक वस्तुको बिम्बका रूपमा लिइएको छ। ‘नून-शिखरहरू’ कवितामा प्राकृतिक सुन्दर रूप हिमाललाई अप्रचलित बिम्ब नुनका रूपमा लिई घुलनशील, रङ्ग र स्वादका दृष्टिले समानता देखाउन खोजिएको छ। यसबाट प्रकृतिका उस्तै गुणयुक्त र अलग प्रयोजनका वस्तुबीच देखाइएको समानताले यो कविता प्रतीकात्मक बनेको छ।

*सारङ्गी बोकेको समुद्र* कृति मानवजीवन, प्रकृति, राजनीति जस्ता विषयसँग सम्बद्ध छ। यसमा विभिन्न किसिमका बिम्बको उचित संयोजन गरिएको छ । यस्ता बिम्बमध्ये प्राकृतिक बिम्बको संयोजनमार्फत् यस कवितासङ्ग्रहमा व्यवहारतः समान नमानिएका वस्तुबिचमा समानताको अंश खोजी त्यसलाई बिम्ब बनाइएको छ। यस क्रममा कविको सिर्जना र फूल, नवयुवकको नयाँ चेतना र विभिन्न किसिमका फूल, हिमाली पर्यावरण र नुनबिचको झिनो समानतालाई लिएर एकाकार गर्न खोजिएको छ । यसप्रकार प्रस्तुत कवितामा असम्बद्ध तर थोरै मात्र समानता भएका प्रकृतिका वस्तुलाई बिम्बका रूपमा प्रयोग गरी विशिष्ट किसिमको सौन्दर्य प्रतिपादन भएको पाइन्छ।

## ४. निष्कर्ष

मोहन कोइरालाको *सारङ्गी बोकेको समुद्र* कृति प्रयोगशीलताको उत्कृष्ट नमुना हो । आधुनिक कविताका वैशिष्ट्यहरू रहेको प्रस्तुत कृतिमा अनेक किसिमका नवीन प्रयोगहरू पाउन सकिन्छ । प्रयोगधर्मी कविताको मूलभूत विशेषताहरूमध्ये नवीन बिम्बको प्रयोग पनि हो । प्रयोगधर्मी कवि भएका कारण विवेच्य कृतिमा मोहन कोइरालाले नवीन बिम्बहरूको प्रयोग गरेका छन् । उनको यस काव्यमा जीवन जगत्का विविध क्षेत्रबाट बिम्बहरू लिइएको छ । यस कवितामा प्रकृतिमा रहेका जीव, कृषि औजार, प्रकृतिका नदी, लेक आदिलाई यौनबिम्बका रूपमा लिइएको छ। यी बिम्बका प्रकृति र प्रवृत्तिलाई यौन र यौनजन्य गतिविधिसँग तुलना गर्दै एकअर्कासँग प्रवृत्तिगत समानता देखाइएको छ। प्रस्तुत कृतिमा सांस्कृतिक बिम्बका रूपमा नेपालमा मनाइने चाडपर्व, नेपाली लोकबाजा, धार्मिक ग्रन्थ, सांस्कृतिक महत्त्वको गाई, नदी आदि आएका छन् । यी बिम्बको प्रयोग गरी यस कवितामा नेपालको भूगोल, नेपाली जनजीवन, राष्ट्रिय महत्त्व रहेका व्यक्ति आदिका बारेमा प्रकाश पारिएको छ । प्राकृतिक बिम्बको संयोजनमार्फत यस कवितासङ्ग्रहमा व्यवहारतः समान नमानिएका वस्तुबिचमा समानताको अंश खोजी त्यसलाई बिम्ब बनाइएको छ । यसक्रममा कविको सिर्जना र फूल, नवयुवकको नयाँ चेतना र विभिन्न किसिमका फूल, हिमाली पर्यावरण र नुनबिचको झिनो समानतालाई लिएर

एकाकार गर्न खोजिएको छ । यसरी प्रस्तुत काव्यमा कथ्य विषय र बिम्बका बिचमा असमानता भए पनि केही मात्रामा पाइने गुणगत समानता देखाई नयाँ किसिमको सौन्दर्यको प्रतिपादन भएको छ । प्रयोगधर्मी कविहरू नवीन बिम्बको प्रयोगमा रुचि राख्छन् । मोहन कोइराला प्रयोगधर्मी कवि भएकाले पनि उनले आफ्ना कवितामा नवीन प्रयोग गरेको देखिन्छ, भने यस्ता बिम्बको प्रयोग गर्दा उनी कथ्य विषय र बिम्बका बिचको झिनो सम्बन्धलाई आधार बनाउने गर्छन् । यस्ता अप्रचलित बिम्बको प्रयोगले कवितालाई आकर्षक र पृथक् किसिमको बनाएको देखिन्छ । अर्को किसिमले यही प्रयोगका कारण उनका कविता सम्प्रेषणमा दुरुह बन्न पुगेका छन् । दुरुह बन्नमा बिम्बको अधिक प्रयोग र पाठकले बिम्बमाथि बिम्ब भएका कारण कथ्य विषयको साधारणीकरण गर्न नसक्ने अवस्था आदि कारण रहेका देखिन्छन् । यसप्रकार प्रस्तुत अध्ययनबाट असम्बद्ध र नवीन बिम्बको प्रयोगका कारण मोहन कोइरालाका कवितामा विशेष किसिमको सौन्दर्य पाइन्छ, भने यही प्रयोगका कारण उनका कविता सम्प्रेषण गत दुरुह पनि बन्न गएका छन् भन्ने निष्कर्ष निस्कन्छ । तसर्थ बिम्बगत नवीनता र सम्प्रेषणगत दुरूहता भएका कारण मोहन कोइराला प्रयोगशील कवि हुन् र उनको *सारङ्गी बोकेको समुद्र* नवीन बिम्बको प्रयोग भएको कृति हो भन्ने कुरा यस अध्ययनबाट सिद्ध हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, अनिल (सन् २०२०), 'सुम्निमा उपन्यासको बिम्बपरक विश्लेषण', *दृष्टिकोण,* १० (१), पृ. २६८–२७५ । https://doi.org/10.3126/dristikon.10i1.34576

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश,* ललितपुर : साझा प्रकाशन ।

उदासी, टीकाराम (२०७८), 'समकालीन नेपाली गजलमा बिम्ब', *हैमप्रभा,* २०, पृ. २५–३६ । https://doi.org/10.3126/haimaprabha.v20i0.38592

कोइराला, मोहन (२०३४), *सारङ्गी बोकेको समुद्र,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, रामचन्द्र (२०७०), *नेपाली कविताको विवेचना,* काठमाडौँ : काष्ठमण्डप पुस्तक घर ।

भारद्वाज, शिवप्रसाद (सन् १९९३), *संस्कृत काव्यशास्त्र में काव्य-बिम्ब-विवेचना,* नयाँ दिल्ली : राधा पब्लिकेसन ।

विद्रोही, राजेन्द्र (सन् २०२१), 'आमाको गीत : २ कवितामा बिम्बविधान', *दृष्टिकोण,* ११ (१), पृ. २६५–२६७ । https://doi.org/10.3126/dristikon.v11i1.39168

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, अभि (२०३९), 'भूमिका', *पच्चीस वर्षका नेपाली कविता,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।